# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २० जेठ २०८१
# बिहीवार
# बैठक सङ्ख्या- १९

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १५:२० बजे प्रारम्भ भयो।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

(१३:२२ बजे)सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री वर्षमान पुनलाई "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१५:२२ बजे)**माननीय अर्थ मन्त्री वर्षमान पुन**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-

आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्य देवेन्द्र दाहाल ।

(१५:२३ बजे)माननीय देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी एमाले) :- सम्माननीय अध्यक्ष महोदय, यो नेपाल सरकारले सदनमा प्रस्तुत गरेको र प्रतिनिधिसभाबाट सन्देशसहित आएको यो विनियोजन विधेयकको सैद्धान्तिक पक्षमा हामी छलफल गरिरहेका छौं। यसमा हिसाब किताबमा म धेरै जान्नँ । हिसाब किताब मिलाएर ल्याएको हुन्छ। तर यो रकमान्तरसम्बन्धी सवालमा मलाई एउटा जिज्ञासा लागेको, पछि मन्त्रीजीले यसमा जवाफ दिनुहोला। रकमान्तर गर्ने सन्दर्भमा अर्थ मन्त्रालयले सिधै रकमान्तर गर्ने भन्ने कुरालाई नेपाल सरकार मन्त्रीपरिषद्ले मात्र गर्न सक्ने हुनुपर्छ कि जस्तो लाग्छ एउटा विषय।

अर्को भनेको यो सङ्केत नम्बर ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदानको रकम रहेछ। यो रकम गत वर्ष कटौती भएको कारणले गर्दा पालिकाहरूमा धेरै समस्या परेको कुराहरू उठेको थियो सरकारले पछि सम्बोधन पनि गर्‍यो होला। यो रकम कटौती नगर्ने गरी कसरी हुन्छ यसमा व्यवस्था गर्नुपर्छ। र अर्को कुरा यो पुस मसान्तसम्मको राजस्वको लक्ष्य र चैत्र मसान्तसम्मको राजस्वको लक्ष्यलाई हेरेर नेपाल सरकारले अथवा अर्थ मन्त्रालयले समानीकरण अनुदान पूर्ण निर्धारण गर्न सक्ने भनेको रहेछ। यसमा वित्त आयोगको सिफारिस भन्ने लेख्नुपर्छ होला भन्ने लाग्छ मलाई । वित्त आयोगको सिफारिसमा, परामर्शमा मात्रै यो काम गर्ने भनेर लेख्नु पर्छ होला जस्तो लाग्छ। अर्को कुरो यो प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि ससर्त, समपूरक, विशेष अनुदानका रकमहरू खर्च नभई बचत भएको खण्डमा असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा निणन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ भन्ने कुरा यहाँ उल्लेख गरिएको रहेछ। फिर्ता दाखिला भएन भने स्वतः त्यो संघीय सञ्चित कोषमा जम्मा हुने प्रणाली छ कि छैन। यो स्वतः फिर्ता हुने प्रणाली छ कि छैन भन्ने मैले यहाँ बुझ्न मात्र खोजेको यो विषय र अर्को कुरा कानुनी प्रक्रिया पूरा नभएको रहेछ भने त्यस्तालाई स्वतः कानुन विपरीत नभएको भनेर यहाँ पेज नम्बर १५ को ३ नम्बर बुँदामा लेखिएको रहेछ। अब यो कानुनी प्रक्रिया पूरा नभएको कुरालाई कसरी विनियोजन होला कानुनी मान्यता पाउँछ कि पाउँदैन यस सन्दर्भमा मन्त्रीज्यूले स्पष्ट पारिदिनुभयो भने यो सायद मलाई

लाग्छ, समृद्ध हुने थियो होला। नेपाल सरकारको यो विनियोजन विधेयक जुन प्रस्तुत भएको छ। यसै समृद्ध हुने थियो होला। धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य उर्मिला अर्याल।

(१५:२६ बजे)<u>माननीय उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूबाट राष्ट्रिय सभा नियम बमोजिम विनियोजन विधेयक, २०८१ सम्बन्धमा प्रतिनिधि सभाबाट पारित भएर आइसकेको मैले अहिले भर्खरै कपी पाएर थोरै भन्न खोजेको छु। ०८१/०८२ को आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट रकम खर्च गर्नुपर्ने विधेयकमा विशेषगरी अख्तियारी तथा कार्यक्रम स्वीकृत सम्बन्धमा व्यवस्था भएको छ । मूलतः सहजीकरण, विशेषगरी यो बजेट कार्यान्वयन रकमान्तर स्रोतान्तर सम्बन्धी व्यवस्था गर्नका लागि यसलाई सहजीकरण गर्नको लागि नै यो विधेयक आएको छ। त्यसकारण यो विधेयकले कतिपय कुराहरू व्यवस्थित भइसकेका पनि कतिपय ठाउँमा अझ प्रष्टता साथ आउनु पर्ने विषयहरूलाई ध्यान दिएर सेवा कार्यको विनियोजित रकमको कुन अनुदान सङ्केतहरूको बारेमा बढी त्यसको व्यवस्थापन गर्ने विषयमा रकमान्तरको लागि, निकासा खर्चको लागि, चालु तथा पुँजीगत वित्तीय व्यवस्थापनको लागि भएको हुनाले यो विधेयक अत्यन्त आवश्यक छ।

अर्थ मन्त्रालयमार्फत सम्पूर्ण मन्त्रालयमा बजेट विनियोजन हुने, त्यसलाई काम गर्ने दौरानमा अझै कतिपय व्यवस्थित गर्नुपर्ने केही छुटपुट गर्नुपर्ने छ भने यसबाट व्यवस्थापन हुन्छ। यसले यो रकमान्तर, सोधनान्तरसम्बन्धी व्यवस्थालाई अन्तर सरकारी वित्तीय हस्तान्तरण व्यवस्थालाई अनुदान सङ्केत रकम प्रदेशको खर्च सम्बन्धमा स्थानीय सरकार अथवा पालिकाहरूको व्यवस्थापन सम्बन्धमा यो सबै नियमन गर्न अझै बढी व्यवस्थित गर्ने हिसाबले आएको हुनाले यो विधेयक अत्यन्त आवश्यक र सान्दर्भिक छ भन्ने कुरा राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद

<u>सम्माननीय अध्यक्ष</u> : माननीय सदस्य भगवती न्यौपाने ।

(१५:२९ बजे)<u>माननीय भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, म आज यो विनियोजन विधेयक, २०८१ टेबुल भएको छ। म content मा भन्दा

पनि मेरा केही जिज्ञासाहरू राख्न चाहन्छु। केही अनुरोध पनि गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यूमार्फत माननीय अर्थमन्त्रीज्यूलाई, यो वास्तवमा अहिले माननीयज्यूहरूले प्रतिनिधि सभामा पनि राष्ट्रिय सभामा पनि बजेटको विषयमा धेरै छलफल हुने गर्छ । महत्त्वपूर्ण सुझावहरू पनि राख्ने गर्नु हुन्छ। खासगरी संसदमा चाहिँ संसदले गर्ने काम सरकार बनाउने, बजेट ल्याउने र बजेट पारित गर्ने प्रतिनिधि सभाले सरकार बनाउँछ। बजेटको विषयमा दुवै सदनमा छलफल हुन्छ र पारित हुन्छ। र छलफल गर्दाखेरि माननीयज्यूहरूले चाहिँ भूगोल राम्रोसँग माननीयज्यूहरूले भूगोलसँग गहिरो सम्बन्ध राख्नु भएको हुन्छ । जनताका भावनाहरू बुझ्नु भएको हुन्छ । त्यही आधारमा विकास के हो? कस्ता योजनालाई महत्त्व दिने भनेर चाहिँ माननीयज्यूहरूले सुझाव राख्नु भएको हुन्छ आफ्नो सुझाव । यहाँ छलफल हुन्छ। घनीभूत ढङ्गले छलफल हुन्छ। विनियोजन विधेयकमाथि छलफल हुन्छ। तर त्यो छलफललाई समेट्ने खालको स्थिति हुँदैन। यो धेरै पटक उठेको विषय हो ।

जनताको लेबलबाट पनि जनताहरूले प्रश्न गर्ने पनि त्यो विषयमा धेरै पटक भन्नु भएको छ । त्यहाँ माननीयज्यूहरूले भाषण गर्ने कुराको के अर्थ हुन्छ र त्यहाँ बोल्ने कुराको के अर्थ हुन्छ र जब त्यो कुरा समेट्दै समेटिन्न भन्ने कुरा धेरै जिज्ञासाको विषय बनेको छ । संसद प्रतिको विश्वास पनि भएको छैन। मैले के अनुरोध के गर्न चाहन्छु भने यो सरकार विगतको सरकार जस्तो पनि होइन। यो वामपन्थीहरू धेरै सहभागी भएको सरकार हो। कसै न कसैले सिस्टमलाई तोड्ने आँट गर्नुपर्छ। कसै न कसैले सिस्टमलाई बदल्ने आँट गर्नुपर्छ। त्यसैले माननीयज्यूहरूले जे विषय सुझावहरू दिनुभएको हुन्छ। त्यो सुझावलाई समेट्ने त्यो सिस्टमको विकास कहिले हुन्छ म माननीय अर्थ मन्त्रीज्यूसँग यो प्रश्न गर्न चाहन्छु र अर्को हरेक आर्थिक वर्षमा माननीयज्यूहरूले के गर्नुहुन्छ भने मन्त्रालयमा बजेट पारिदिनका निम्ति लागि फाइल बोकेर हिड्नु हुन्छ। फाइल बोकेर हिँड्दै गर्दा मन्त्रीज्यूहरूलाई घन्टौं कुरेर भेट्नु हुन्छ र मेरो योजना पारदिनुस् भन्नु हुन्छ र बजेट आउँदै गर्दा कसैको योजना पर्छ, कसैको योजना पर्दैन। योजना पर्ने माननीयज्यूहरू खुशी हुनुहुन्छ योजना नपर्ने माननीयज्यूहरू दुःखी हुनुहुन्छ त्यसैले गर्दा मेरो त योजना पऱ्यो भन्ने कसैले त्यस्तो खालको खुसी व्यक्त गर्नुहुन्छ, कसैले मेरो परेन भनेर दुःख व्यक्त गर्ने स्थिति हुन्छ। यो अन्त्य कहिले हुन्छ। priority आधारमा एउटा सिस्टमले विकास गर्ने प्रणालीको विकास कहिले हुन्छ? यसैले म माननीय अर्थमन्त्रीज्यूलाई यसतर्फ ध्यानाकर्षण गराउँन चाहन्छु। धन्यवाद

<u>सम्माननीय अध्यक्ष</u> : माननीय माया प्रसाद शर्मा

(१५:३२ बजे)<u>माननीय माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो अर्थ मन्त्रीज्यूले विनियोजन विधेयक, २०८१ प्रस्तुत गर्नुभएको छ। यो आर्थिक वर्ष ०८१/०८२ को विशेष गरेर यो सेवालाई सरल आएको छ यो विशेष गरेर रकम खर्च गर्नका निमित्त सजिलो पार्नलाई आएको जस्तो देखिन्छ । रकम खर्च गर्ने सम्बन्धी अधिकार दिन यो रकम विनियोजन गर्ने वाञ्छनीय भएका विषयहरूलाई कसरी लैजाने सरकार सञ्चालनका निमित्त सजिलो होस् भनेर भन्ने हिसाबले आएको नै देखिन्छ। अबको स्रोत जुन प्रकारको रहेको छ। यो अन्तर सरकारी वित्तीय हस्तान्तरणसम्बन्धी समस्याहरूको हल गर्ने, आयोजना, कार्यक्रम कार्यान्वयनसम्बन्धी विशेष व्यवस्थापन गर्ने रकमान्तर, स्रोतान्तर गर्ने र लेखा रकम प्रतिवेदनहरू आन्तरिक लेखा परीक्षणसम्बन्धी विषय र यी विविध विषयहरूमा जसरी कानुन विपरीत भएका विनियोजनहरूको ..... बनाउने, यी सबै विषयहरूलाई यसले समेट्न खोजेको जस्तो देखिन्छ। निर्देशिका, कार्यविधि, मापदण्ड, गठन आदेश, दर्शन लगायतका जुन प्रकारका कार्यविधिहरू छन्। त्यसलाई कानुनी रूप दिएर अगाडि बढाउन पनि यसले एउटा लिन अगाडि खोजेको जस्तो देखिन्छ। यसकारण यो आवश्यक र अनिवार्य बन्न गएको छ। यसलाई समर्थन गर्न चाहन्छु। विशेष गरेर यो सत्ताउपरी संरचना हो, आर्थिक आकार हो। आर्थिक आकारलाई उपरी संरचना व्यवस्थित गर्नको निमित्त कसरी परिचालन गर्न सक्छौं। यसलाई नयाँपन कसरी दिन सकिन्छ। यो कुरामा विशेष ध्यान दिनुपर्ने हामीसँग राजस्व, अनुदान, ऋण छ। यसलाई समुचित व्यवस्थापन गर्न सक्यौं भने देश सञ्चालन गर्न सक्छौं । आर्थिक मन्दी अगाडि बढेको जस्तो देखिन्छ। यसलाई न्यूनीकरण गर्न सक्छौं । यसलाई कार्यान्वयन गर्ने पक्षमा विशेष ध्यान दिनुपर्छ। धन्यवाद

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय कृष्ण प्रसाद अधिकारी

(१५:३४ बजे)<u>माननीय श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, अर्थ मन्त्रीज्यूले ल्याउनुभएको आगामी आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८१ को मूल स्पीरिट सिद्धान्ततः ठिक छ। विधेयकमा प्रस्तावित शीर्षकहरू संक्षिप्त नाम संघीय कोषबाट रकम खर्च गर्ने अधिकार प्रत्यायोजन, अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था, रकमान्तर तथा सोधनान्तर

सम्बन्धी व्यवस्था, आयोजना वा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित विशेष व्यवस्था, वित्तीय अनुशासन सम्बन्धी व्यवस्था लेखा परीक्षण र अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था तथा अवधारणाहरू सैद्धान्तिक रूपमा ठिक छन्। सोह्रौं पञ्चवर्षीय योजनाको सिद्धान्त र प्राथमिकता, नीतिगत कार्यक्रम र प्रचलित कानुनका आधारमा वित्तीय अनुशासनलाई दृष्टिगत गरी आएको अहिलेको बजेटलाई विधिसम्मत् कार्यान्वयन गर्न संघीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिन विधेयकले कोरेको भू-रेखा मूलतः सही छ। अर्थतन्त्रका सम्भावना र चुनौतीहरू, विनियोजित बजेटका लक्ष्य र प्राथमिकताहरू आत्मगत र वस्तुगत केही सीमा र समस्याहरूका बाबजुद विधेयकसापेक्ष त सही र वस्तुनिष्ठ छ ।म यो विधेयकको मूल स्प्रीटको समर्थन गर्छु । धन्यवाद । अभिवादन ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य गोपाल भट्टराई ।

(१५:३६ बजे)<u>माननीय गोपाल भट्टराई(नेपाल कम्युनिष्ट पार्टी एमाले)</u> :- सम्माननीय अध्यक्षज्यू, यो विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफलमा मैले राख्न खोजेका केही विषयहरू भगवती माननीयज्यूले राख्नुभयो । तै पनि त्यसैलाई म केही जोड दिन चाहन्छु। खासगरेर अघिल्लो आर्थिक वर्षमा विनियोजन विधेयकमाथि छलफल भइरहँदाखेरि अर्थ मन्त्रीले अबको बजेटमा यसलाई संशोधनै गर्न सकिन्न कुराबाट हामी पछि हट्ने अरी नै आउँछौं भन्नुभएको छ। अहिले अर्को अर्थ मन्त्री आउनुभएको छ। खासगरी यो विधेयक भएको हुनाले, विधेयकलाई छलफल गरेर छलफलमा उठेका विषयहरू संशोधन परिपाटी छ यो परिपाटीको अन्त्य गर्नुपर्छ। अर्को यो सैद्धान्तिक विषय नै हो सातै प्रदेशमा सरकारी मेडिकल कलेजहरूको स्थापना गर्ने भन्ने अवधारणा अनुसार विभिन्न ठाउँमा जग्गाको व्यवस्था, कार्यालयको व्यवस्थापन आदि भइसकेको छ तर तिनीहरूको काम अगाडि बढेको छैन सुदुरपश्चिम विश्वविद्यालयकै रूपमा गेटाको स्थापना भयो र तर अरू प्रदेशहरूमा त्यो चाहिँ कामअसाध्यै खर्च भइरहेको छ सामान्य त्यसलाई सम्पन्न गर्नतिर अगाडि बढेको छैन र त्यसतर्फ अर्थमन्त्रीज्यूको ध्यानाकर्षण छुन चाहिँ छुन भएको छ। त्यतिले पुग्दैन त्यसलाई सञ्चालन गर्ने किसिमले अगाडि बढाउनु पर्छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य विष्णु कुमारी सापकोटा

(१५:३९ बजे)मानननीय विष्णु कुमारी सापकोटा (नेपाली कांग्रेस):- सम्माननीय अध्यक्षज्यू, यो आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि संघीय संचित कोषबाट रकम विनियोजन खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हेर्दा ठिकै छ, राम्रै छ सर्र हेर्दाखेरि तर हामीले विनियोजन विधेयकमाथि धेरै छलफलहरू गर्दै आएका छौं। हामी माननीयहरूले दिएका सुझावहरू कत्तिको समेटिन्छन्। हामीहरू बोल्ने मात्रै काम हो भने अब यो बोलेर पनि खासै फाइदा छैन जस्तो मलाई लाग्छ। र यो मैले  पेज नम्बर ६ मा यो खर्च सङ्केत, खर्च शीर्षकमा मैले एउटा पोसाक सम्बन्धी यसलाई चाहिँ विधेयकमा ल्याउँदा पोसाक दिँदा हामीले रकम दिन्छौं। हाम्रा राष्ट्रसेवक कर्मचारीहरू अथवा कतिलाई हामीले पोसाक दिने गरेका छौं। पोसाक दिँदा हामीले के गर्न पर्‍यो भने राष्ट्रभित्र बनेका, बाहिरबाट ल्याउने कपडाहरू त्यसलाई प्रयोग नगरेर यही राष्ट्रभित्र उत्पादन गरेर किन भने अल्लो, सिस्नोदेखि धेरै यहाँबाट धागोहरू उत्पादन गर्न सक्छौं। तिनका हामीले कोट, कपडा, बाँसका कपडाहरू कति कति महँगाहरू छन्। यसलाई पनि हामीले त्यसलाई पनि कन्भर्ट रकमलाई कन्भर्ट गरेर दिनेt नियम बनायौं भने यो धेरै राम्रो हुन्थ्यो । अर्को महँगी भत्ता, महँगी भत्ता क-कसको लागि हो? यो समग्र नेपाल महँगीको भारमा छ। महँगीलाई कसरी नेपाल नागरिकहरूको भार यो महँगीको भार कसरी हटाउन सकिन्छ भन्नेतर्फ सोच्छौं भने नागरिकहरूलाई पनि राहत मिल्ने थियो । सीमितलाई मात्र महँगी भत्ता दिएर राज्यका नागरिकहरूको भारलाई घटाउन सकिँदैन। यसरी प्रदेश र स्थानीय तहहरूलाई पनि सञ्चय कोषबाट बजेट विनियोजन गर्दा, रकम हस्तान्तरण गर्दा उहाँहरूलाई टाइममा बजेट रकमान्तर गर्न सक्यौं उहाँहरू समयमा आफ्नो काम सिध्याउन सक्नु हुने थियो। जुन असार मसान्तमा सबै बजेटहरू सिध्याउन पर्छ, हाम्रो बजेटको दुरुपयोग भएको छ। यसलाई पनि मिलाएर माननीय अर्थ मन्त्रीज्यूलाई मिलाएर कसरी अगाडि बढाउन सकिन्छ? यसलाई पनि सम्बोधन गर्नको लागि अनुरोध गर्दछु। जय नेपाल

सम्माननीय अध्यक्ष :- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा

(१५:४२ बजे)माननीय तुलप्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा) :- सम्माननीय अध्यक्ष महोदय, अव यो विशेषगरी सेवा र कार्यहरूलाई सहज बनाउनको लागि आएको विधेयक प्रतिनिधिसभाबाट पास भएर आएको छ यहाँबाट पनि पास हुन्छ र त्यसमा कहीँ शङ्का छैन । यो विधेयकको content मा नगईकन केही कुरा गर्न चाहन्छु। खासगरी पहिल्यै यो बजेट छुट्याउँदा नै सन्तुलन गर्न सकेनौं । यो बजेट सन्तुलित छैन। ६१ प्रतिशत हामीले साधारण तर्फ राखेका

छौं । १८ प्रतिशत चाहिँ पुँजीगत तर्फ राखेका छौं। यो साधारण खर्चले यो रोजगारी सिर्जना गर्न सक्दैन। पुँजीगत खर्चले रोजगारी सिर्जना गर्छ। रोजगारी सिर्जना भएपछि त्यसबाट सरकारलाई कर पनि आउँछ तर हामीले पुँजीगत तर्फ अत्यन्त कम चाहिँ छुट्यायौं, साधारण तर्फ अत्यधिक छुट्यायौं। अर्को कुरा के छ भने यो चालु तर्फ बढी बोझ पऱ्यो, बाधा पऱ्योभनेर कयौं सरकारी निकायहरूलाई विघटन गरियो । कतिपयलाई अर्को निकायमा गाभियो। कतिपयमा जिल्ला र स्थानीय प्रशासनहरूमा राखियो तर अहिले आएर विभिन्न प्राधिकरणहरू राख्ने भन्ने कुरा आएको छ । अहिले यो बोझ घट्न सक्ने सम्भावना देखिदैंन। त्यस्तै यो बजेट distribution गर्दाखेरी सुदुरपश्चिमतिर, कर्णाली प्रदेशमा अत्यन्त कम distribute गरिएको छ। पुर्वाञ्चलतिर बढी गरिएको छ र केही जिल्लामा अत्यधिक छन्। जस्तो झापामा एउटै बोर्डमा अत्यधिक बजेट विनियोजित भएको कुरा हामी सबैलाई थाहा छ। त्यस्तै यो बजेट माग गर्ने राष्ट्रिय सभा सदस्यहरूले बजेट पाउने भन्ने कुरा आयो त्यसमा मैले पनि हालेको थिएँ। अघिल्लो साल पनि मैले ३ वटा योजना राखेको थिएँ, एउटा पनि परेन, अहिले ६ वटा राखेको थिएँ, अहिले पनि एउटा पनि परेन। एक प्रति मैले स्वयम् अर्थ मन्त्रीज्यूको हातमा दिएको थिएँ।कहाँ कहाँ गायब भयो के कारणले मैले बजेट पाउनमा फेल भएँ। मेरो योग्यता पुगेन त्यसको जवाफ सायद अर्थमन्त्रीज्यूले दिनुहोला। हवस् त । धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे ।

(१५:४५ बजे)<u>माननीय राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी)</u> :- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८१/०८२ को सेवा कार्यालयको लागि संघीय सञ्चित कोषबाट विनियोजित बजेट खर्च र विधेयकको विषयमा अर्थ मन्त्रीले ल्याउनु भएको जुन विधेयक छ, यसले आफूलाई काममा सरल हुने किसिमले ल्याउनु भएको होला भन्ने लाग्छ र म समर्थन गर्छु। माननीय अर्थमन्त्रीले सन्तुलित बजेट ल्याउन प्रयत्न गर्नु भए जस्तो जस्तो आभास हुन्छ। तर पनि यसले चाहिँ राष्ट्रिय सभाको माननीयहरूको, राष्ट्रिय सभाको गरिमा बढाएकै छ भन्ने मलाई लाग्छ तर केही केही कुराहरू के छ भने अर्थमन्त्रीले ध्यान दिनुपर्ने विषेशगरी मानवीय विकास हामीले छोएको छैन।मानवीय विकासलाई भौतिक विकासलाई जोड दिएका छौं। भौतिक विकास निरन्तर गर्ने मानवीय विकास नगर्ने हो भने अहिले हाम्रो अवस्था के हुन्छ। आज SEE को रिजल्ट आयो। शिक्षाको स्तर खस्केको छ । ४८ प्रतिशत विद्यार्थीहरू पास भएका छन्। हैन? यो शिक्षाको स्तर त खस्केको देखियो नि त ।

हामी लोकतान्त्रिक गणतन्त्रमा छौं हामी समाजवादमा पुग्ने लक्ष्य राखेका छौं। हाम्रो मुख्य आधार शिक्षा पनि हो, स्थिति खस्किदों छ, सुशासनको कुरा यो बजेटले सम्बोधन गऱ्यो कि गरेन? हामी त अहिले देख्दै छौं साना साना भ्रष्टचारीको कुरा गर्दा गर्दै ठुला भ्रष्टाचारीको कुरा आइसक्यो । हाम्रो बजेटले ठेगान लाउँछ कि लाउँदैन, पारदर्शी गराउँछ कि गराउँदैन हाम्रा संरचनाहरूलाई । हरेक राज्यका संरचनाहरूलाई पारदर्शी गर्ने काममा कहाँनेर यो बजेटले सम्बोधन गर्छ भनेर हेर्न पर्ने भएको छ ।समय अनुसार सुविधाको कुरा गर्नुभएको छ। मान्छेहरूलाई बाँच्न गाह्रो भएको छ र समय अनुसार परिमार्जन गर्न पर्ने भएको छ। हाम्रो क्षमताले भ्याउँछ कि भ्याउँदैन। यो सोच्नु पर्ने विषय भएको छ। विकासे मन्त्रालयहरूले कतै कतै भूगोललाई छोएन भन्ने माननीयहरूको आवाज मैले सुने हामीले हाम्रा विकासहरू विभेदकारी भयो भने हामीले कसरी हाम्रो देशको विकास गर्न सक्छौं। त्यसले गर्दा कतै धेरै कतै थोरै माननीयहरूले कुरा गरिराख्नु भएको छ। मैले सुनिराखेको छु। पश्चिमको अर्थ मन्त्री हाम्रो रोल्पाको भएपनि बजेटहरू त पूर्वै बग्यो त किन यस्तो भएको हो। के छ यहाँ त्यस्तो हुने यो अचम्मै लाग्यो र यहाँले राख्नुभएको यो कृषिको कुरा गर्छु, मैले कृषि क्षेत्रको आर्थिक रूपान्तरण गर्ने कुरा गर्नुभएको छ। योजनाले छुन्छ कि छुँदैन।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:४९ बजे)<u>माननीय अर्थमन्त्री श्री वर्षमान पुन</u> :- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूबाट विनियोजन विधेयकमाथि सैद्धान्तिक छलफल यहाँ प्रस्तुत भयो। यस क्रममा धेरै महत्त्वपूर्ण सुझावहरू र प्रतिक्रियाहरू आएका छन्। र भाग लिनु हुने सम्पूर्ण सदस्यज्यूहरूमा सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। खासगरी यसको सैद्धान्तिक रूपले चर्चा गर्दा केही विषयहरू खासगरी यहाँ उठेका छन्। यो समानीकरण रकम, त्यसैगरी कतिपय कानुनी प्रक्रिया पूरा नभएकालाई कानुनसम्मत् बनाउने कुरा, ससर्त लगायतका समपूरक लगायतका रकमहरू, आर्थिक वर्ष सम्पन्न भइसकेपछि खर्च नभएको हकमा प्रदेश र स्थानीय तहबाट फिर्ता आउने व्यवस्थाहरू, त्यसैगरी रकमान्तर कसले गर्न पाउने या कसले नपाउने भन्ने जस्ता यस्ता सैद्धान्तिक विषयहरू त्यहाँ दफाहरूमा उल्लेख गरिएका छन् ।यसमा निश्चय पनि यी विषयहरू आफैंमा महत्त्वपूर्ण छन्। तर चाहिँ माननीयज्यूहरूले यहाँ सरसर्ती

राख्नुभएकोमा मूल ट्रेण्ड, मूल स्पीरिट विधेयक ठिक छ, सन्तुलित छ भन्ने आशय राख्नुभयो । म यसको लागि खुसी व्यक्त गर्दछु, धन्यवाद व्यक्त गर्दछु ।

र खासगरी विनियोजन विधेयक मन्त्रालयगत विनियोजनमा पनि डिटेलमा छलफल हुन्छ । यो हामी मात्रै सैद्धान्तिक रूपले मात्रै छलफल गर्दैछौं। यो सैद्धान्तिक रूपले छलफल गर्दा प्रतिनिधिसभामा पनि उठे । यी विषयहरू कतिपय सन्दर्भमा अर्थ मन्त्रालयले २ खर्ब भन्दा बढी रकमहरू राख्यो एकमुष्ट भन्ने जस्ता पनि उठ्यो कुरा, यही कुरा हामी अहिले संघीयतामा छौं। संघीयतामा भएको कारणले हामीले प्रस्तुत गर्ने बजेटमा प्रदेश तथा स्थानीय तहमा जाँने समपूरक रकमहरू त्यसमा राखिएको छ। ससर्त रकमहरू पनि त्यहाँ एकमुष्ट रूपले राखिएको कुराहरू समानीकरणमा जाने रकमहरू एक ठाउँमा देखाउँदा अलि धेरै जस्तो अर्थ मन्त्रालय अबण्डा धेरै राख्यो भने जस्तो हुँदो रहेछ। यथार्थमा पछि मन्त्रालयगत विनियोजनमा अर्थ मन्त्रालयमाथिकै छलफलमा पनि उठ्ने नै छ। त्यसमा हामी चर्चा गर्ने छौं। त्यसो गर्दा त्यसमा हामीले गत वर्षहरूभन्दा कम नै रकम राखेका छौं र धेरै भन्दा धेरै समानीकरणमा जाओस् भन्ने नै हो यहाँ सैद्धान्तिक रूपले पनि उठ्यो।समानीकरण रकम वित्त आयोगको सहमति लिएर मात्रै घटाउने बढाउने गर्नु पर्छ भन्ने सुझाव आयो सैद्धान्तिक रूपले समानीकरण अनुदान सकेसम्म जति commit गरेको छ जति प्रस्ताव गरेको छ। संघ प्रदेश र स्थानीय तहमा जाओस् जसले कि हामी स्थानीय तह, प्रदेश तहका बजेटहरूलाई अनुमानयोग्य बनाउन सकोस् भन्ने नै सरकारको प्रतिबद्धता रहेको छ। यद्यपि जति राजस्व उठेको छ। त्यसकै आधारमा पठाउने हो। किन यो त अनुमान हो। अनुमान हामी यति राजस्व उठाउँछौं भनेको हुन्छ। त्यो अनुसार नउठेपछि जति राजस्व उठेको हुन्छ त्यही बराबरको पठाउने हो। समानीकरण रकम चालु आर्थिक वर्षको बजेट भाषणमै पनि यो राखिएको थियो। आर्थिक विधेयकमा पनि राखिएको थियो । यद्यपि ०७४/०७५ प्रतिशतको हाराहारीमा हामीले समानीकरण रकम पठाएका थियौं ।

त्यो बिचमा स्थानीय तहहरूको चाहिँ गुनासाहरू आए अहिले बढाएर ९३ प्रतिशत रकम पठाइसकेको छ स्थानीय तहलाई। किनभने स्थानीय तहहरूका बजेट बनाउन खर्च गर्न एक खालको अनुमान गर्न सजिलो होस् । भर्खरै भर्खरै काम काजी हुँदै गएको छ स्थानीय तहहरू। धेरै स्थानीय तहहरूका आफ्ना स्रोत पनि छैन काठमाडौं स्थानीय तहहरूलाई संघीय समानीकरण रकमको धेरै अर्थ नहोला। सानो आकार होला । आफैसँग २५/३० अर्बको रकम हुनु भनेको राम्रो हो। कतिपय पालिकाहरू छ जसको आफ्नो आन्तरिक स्रोत छैन। जसलाई शिक्षामा, स्वास्थ्यमा अति आवश्यक खर्च, तलब भत्तामा खर्च गर्न पर्ने त्यो पनि छैन। त्यसलाई ९३ प्रतिशतको समानीकरणको प्रतिबद्धता अनुसार ९३ प्रतिशत नै पठाइसकेको छ। हामी यसलाई

१०० प्रतिशत नै पुऱ्याउने शत प्रतिशत पुऱ्याउने कोसिस गर्दै छौँ। यसमा खासगरी हामीसँग प्राकृतिक स्रोत तथा वित्त आयोग छ जसको मापदण्डहरू सूत्रहरूको आधारमा हामी समानीकरण रकमहरू पठाउँछौँ। हामीले राजस्वको बाँडफाँटको निश्चित फर्मुला अनुसार नै जाने गर्छ। ससर्त र विशेष अनुदानहरू जुन जुन पालिकाहरू पछि छ त्यसलाई खासमा कतै शिक्षाको होला, पुर्वाधारमा होला त्यसलाई संघीय सरकारले स्थानीय तह या प्रदेशलाई विशेष अनुदानको रूपमा उसलाई प्रतिस्पर्धी बनाउने उसको क्षमता विकास गर्ने हिसाबले त्यसलाई संविधानमा व्यवस्था गरिएको हो। तर पछिल्लो समयमा त्यो अनुसार भएको छैन भन्ने गुनासाहरू छन् । त्यसलाई हामी सकेसम्म वैज्ञानिक बनाउने वस्तुबादी बनाउने जसलाई आवश्यक छ त्यसमा मात्रै पठाउने हाम्रो कोसिस छ। त्यसो गर्दा सकेसम्म ससर्त रकम घटाउने केन्द्रले आफुले गर्ने होइन समानीकरण नै पठाउने स्थानीय तहहरूलाई प्रदेश आफ्नो छनौटमा गर्न सक्छ भन्ने मै सरकार रहेको कुरा म यहाँ राख्न चाहन्छु।

जहाँसम्म यो चाहिँ सैद्धान्तिक रूपले भन्दा रकमान्तर सकेसम्म कम भन्दा कम गर्न परोस् त्यही अनुसार हामी सकेसम्म अनुमानलाई वस्तुगत बनाउने कोसिस हामी सरकारतर्फबाट गरिराखेका छौँ। यद्यपि हामीले जम्मा गर्ने स्रोत राजस्व भनेजति उठ्दैन कहिलेकाहीँ, कहिले वैदेशिक सहायता भनेको जति अनुमान गरे जति आउँदैन। कहीलेकाहीँ वैदेशिक ऋण लिइराखेको हुन्छ। त्यसको मिलिराखेको हुँदैन, राखेको हुँदैन भनेको जति अनुमान हाम्रो हातमा मात्र हुँदैन कहिले काही आन्तरिक या बाह्य विभिन्न आर्थिक कारणहरू हुन्छ वा अन्य कारण हुन्छ। जसले हाम्रा स्रोतहरूमा अनुमान मिलिराखेको हुन्छन्, त्यस्तो बेला हामी स्रोतान्तर गर्ने, रकमान्तर गर्ने या कैयौं सन्दर्भमा के हुन्छ कुनै आयोजनाको अनुमान एउटा रकम गरिरहेको हुन्छ, पछि डिजाइनमा तयारीमा पछि टेन्डर गर्दा त्यो रकम बचिराखेको हुन्छ, अर्को खर्च हुने ठाउँमा रकमान्तर गरिराखेको हुन्छ। कति सन्दर्भमा हामीले काम सुरू गर्छौं काम हुँदैन रकम बँच्छ र त्यसलाई अर्को खर्च हुने ठाउँमा रकमान्तर गरिरहेको हुन्छ, यसको सिद्धान्त यो हो। यसलाई हाम्रो आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्वसम्बन्धी अलगगै ऐन छ। कुन-कुन निकायले कसरी वित्तीय उत्तरदायित्व बहन गर्ने भन्ने कुन व्यक्तिले कुन पदाधिकारी भन्नेसम्म पनि छ।

त्यसरी हेर्दा हामी मन्त्रालयगत मन्त्रालयले आफूभित्रका कैयौं रकमहरू रकमान्तर गर्न पाउँछ। निश्चित प्रतिशतसम्म रकमान्तर गर्छ नै त्यो कानुनले नै अधिकार दिएको हुन्छ। त्यसपछि त्यो भन्दा अलि माथिल्लो रकमहरू एउटा लेबलमा आउँदा चाहिँ अर्थ मन्त्रालयले रकमान्तर गरिरहेको हुन्छ, सहजीकरण गरिरहेको हुन्छ। आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व सम्बन्धी ऐनले नै अधिकार दिएको हुन्छ। तर चालु वर्षमा हामी आर्थिक स्रोतमा चाप परेको हुनाले के परेछ भने त्यसमा जति हो त्यसमा बिचमा हाम्रो राजस्व सङ्कलन भएन भने हामी त्यसलाई रकम पठाउँदैनौं तल, प्रदेशमा, स्थानीय तहमा या आयोजनाहरूमा त्यही अनुसारको percent मा, अनुपातमा काट्छौं भन्ने खालको व्यवस्था भएको रहेछ। स्रोत व्यवस्था गर्न नसकेर। आगामी वर्षलाई त्यो व्यवस्था छैन। हामीले अनुमान गरेको वस्तुगत हुन्छ जति कमीट गरेका छौं त्यो पूरा गर्छौं त्यो व्यवस्था राखेका छैनौं।

त्यो हामी अधिकतम वस्तुगत र वैज्ञानिक विनियोजन भएको छ। विनियोजन कुशलता छ यसमा । सक्षमता छ यो विनियोजन अनुसार छ हामी पूरा गर्छौं। धेरै रकमान्तर गरिराख्नु पर्ने या बिचमा अनुमानित रकम या छुट्याइएको रकम विनियोजित रकम पनि काट्नु पर्ने अवस्था आउँदैन भन्ने नै हाम्रो विश्वास हो। अरू ससर्त लगायतका समपूरक रकमहरू कहिलेकाहीँ के हुन्छ भने स्थानीय प्रदेशमा पठाएको हुन्छ। टेन्डर लाग्छ, टेन्डरको रकम कहिले बढी हुन्छ त्यो त स्वतः फिर्ता आउने भो ।कतिपयमा आर्थिक वर्ष सिद्धिएसम्म खर्च हुँदैन त्यो खर्च नभएको कुरा स्वतः आउने हो त्यो संघीय संचित कोषमा नै फर्केर आउँछ। स्थानीय प्रदेशमा रहदैन। अर्को कुरा मैले सम्माननीत सदनमा के जानकारी गराउँ भन्दा यसभन्दा अगाडि बजेटमाथि छलफलमा पनि मैले राखे हामी अहिले २ खर्ब १५/१६ अर्ब जति अहिले deficit, घाटामा छौं। संघीय संचित कोष प्रदेश र स्थानीय तह २४० अर्ब भन्दा बढी अथवा २ खर्ब ४० अर्ब भन्दा बढी रकम छ। हामी पठउँदै गर्ने खर्च नहुने हामीले रिजल्ट खोज्दाखेरि देशभरिको ट्रेजरी के छ भन्ने हो र देशभरिको कोषमा हेर्दा घाटा छैन। नेपाल राष्ट्रको कोणबाट राष्ट्रको ट्रेजरी घाटा छैन तर संघीय कोष संचित कोष घाटामा छ। प्रदेश र स्थानीय तह नाफामा छ र त्यसरी idol रकम त्यसै, त्यसै बसिराख्ने अवस्थालाई अन्त्य गर्नुपर्छ। प्राकृतिक स्रोत तथा वित्त आयोगसँग पनि हामी छलफल गरिरहेका छौं। कुनै न कुनै रूपले कानुनी व्यवस्था गरेर खर्च गर्नेलाई पैसा थप दिने खर्च गर्न नसक्नेलाई झन खर्च नगर्नेलाई रकम थपिराख्ने उसलाई पुरस्कृत गर्ने जस्तो भइरहेको छ त्यो कुरो आगामी वर्षमा कानुनी रूपले केही सोच्नु पर्दछ छलफल चलिरहेको छ यद्यपि अहिले यसैमा विनियोजन विधेयकमा नै त्यो कुरा छैन। सामान्यतया त्यो खर्च नभएकाहरू central treasury मै आउँछ नै। यही कुराहरू मैले अर्थ मन्त्रालयगत रूपले रकमान्तर अर्थ मन्त्रालयबाट कम मात्र रकमान्तर होस्। झन् यो सरकारमा क्याविनेटमा ल्याउन लम्बेतान हुन्छ। हामी अहिले सोच्दै छौं। रकमान्तर कम होस् सकेसम्म अन्तर्य होस्। मन्त्रालय भित्रै धेरै काम सम्पन्न होस्। छिटो छरितो होस् भन्नेमा हाम्रो छ। ऐन अनुसार हुन्छ झन् ल्याएर क्याविनेटमा केन्द्रित गर्दा त झन् हरेक काम लेन्दी प्रोसेस हुन्छ की भन्ने यहाँ राख्न चाहन्छु।

अरु चाहिँ जतिपनि माननीयज्यूहरूले सैद्धान्तिक कुरा राखुभएको छ यो कुराहरूमा मैले धेरै भन्नु पर्ने विषयहरू छैन र यो के अब यहाँ बोलिएका कुराहरू कसरी सम्बोधन गर्ने भन्ने कुरामा एउटा प्रि बजेट जो चाँहि छलफल गर्छौं। त्यसलाई धेरै भन्दा धेरै वस्तुगत बनाउने, बजेटको विनियोजनमाथिको सैद्धान्तिक छलफल र प्राथमिकतामाथिको छलफल हुन्छ त्यसलाई नै व्यावहारिक बनाएर त्यही orientation लाने अर्को तयारी अवस्थाका प्रोजेक्ट बैंकमा भएका तयारी अवस्थाका आयोजना मात्रै राख्ने कानुनले भन्छ त्यो कुरा तिर जाने, अर्को संघले आयोजना गर्ने ठुला आयोजना मात्र गर्ने भनेको छ संघले। मझौला प्रदेशले र स्थानीय तहमा साना आयोजना हुन्छ त्यो विगतमा के norms बसेको थियौं। पछिल्लोमा अलि अलि norms मा विचलन जस्तो देखिएको छ ।१६५ निर्वाचन क्षेत्रमा कमसेकम संघबाट एउटा योजना होस् अलिकति थोर थोरै विचलन जस्तो देखिएको छ।

म आफ्नो अनुभव सुनाउ आफैं मन्त्री, सिँचाइ मन्त्री हुँदा १०० हेक्टर भन्दा मुनिको आयोजना राख्न नमिल्ने कार्यविधि छ। त्यो अनुसार हेर्दा संघले पहाडमा १०० हेक्टरसम्म भन्दा १०० त हेक्टर लगभग मेरो जिल्लामा एउटा पनि कल्स्टर थिएन त्यसैले एउटा पनि सिँचाई २/३ वर्षमा गरेन मैले तर पछिल्लो समयमा माननीयज्यूहरूको पनि स्वाभाविक रूपले जनप्रतिनिधिको दबाबले आदिले गर्दा क्लष्टर मिलाएर विभिन्न तरिकाले त्यस्ता कामहरू गरेको छ। साना आयोजना भइरहेको छ। त्यसमा आलोचनाहरू छ आगामी दिनमा त्यसलाई सच्याउन पर्ने छ। अझै राम्रो गर्नु पर्ने छ ।संघले आफ्नो क्षेत्रमा मात्र गर्ने। संघीय सांसदहरूलाई नीति निर्माताको रूपमा स्थापित गर्ने जनताले त्यसरी बुझ्ने। म विस्तारै बनाउन जानुपर्नेछ तर अहिले कमसेकम राष्ट्रिय सभाका माननीयज्यूहरूको पनि प्रतिनिधिसभा पनि र समानुपातिकमा केही न केही जनतासँग गरेका कमिट अनुसार १/२ वटा आयोजनाहरू रहोस् भनेर हामीले कोसिस गऱ्यौं यद्यपि चाहिँ केही माननीयज्यूको छुट्न गएको भन्ने आएको छ। सैद्धान्तिक रूपले भन्दा कसरी छुट्न गयो त्यसलाई सम्बोधन गर्ने कोसिस गर्नेछौं। अरु चाहिँ कसरी छलफलपछि प्रस्तुत गर्ने मस्यौदाको रूपमा त्यसलाई संशोधन गर्ने भन्ने अन्तर्राष्ट्रिय परम्परा पनि छैन। हाम्रोमा पनि त्यो छैन। तर त्यसो गर्दा यो छलफल हुने खासै केही परिमार्जन नहुने के अर्थ भन्ने अवश्य पनि हुन्छ। यसलाई मन्त्रालयको सरकारहरूको पुँजीको रूपमा राखेर यसलाई आगामी कार्यक्रमहरूमा यसको दिशानिर्देशमा कार्यक्रमहरू बनाउने नै अहिलेसम्मको अभ्यास हो।

यसलाई कसरी सकिन्छ सबै अङ्क अङ्क संशोधन पनि सायद सम्भव नहोला कमसेकम मूल दिशामा लाने आगामी दिनमा कसरी परिमार्जन गर्न सकिन्छ यसमा पनि छलफल होस्, सुझावहरू होस् भन्ने नै मेरो पनि छ। जे ल्याइयो भइसक्यो भन्ने भन्दा पनि विगतदेखि अभ्यास

आर्थिक विधेयकहरू, विनियोजन विधेयकहरू ल्यायो छलफल गऱ्यो त्यसलाई आवश्यक सुझाव दिने त्यो पुँजीको रूपमा documentation भएर बस्छ र त्यो हेर्दै नहेर्ने आगामी वर्षमा भन्ने त हुँदैन तर तत्काल केही पनि संशोधन नहुने अरू विधेयक जस्तो संशोधन गर्ने, संशोधन राख्ने त्यस खालको यो अभ्यास छैन अन्तर्राष्ट्रिय रूपले पनि हाम्रो पनि। आगामी दिनमा कसरी वस्तुगत बनाउनेमा मेरो पनि समर्थन छ। त्यतातिर हामी छलफल गरौं ।कतिपय एक प्रदेश एक मेडिकल कलेज यस्ता कार्यक्रमिक छ त्यो विनियोजन विधेयक मन्त्रालयगत रूपमा हामी छलफल गर्न सक्छौं। उत्पादनलाई प्रोत्साहन गर्ने, रोजगारी सिर्जना गर्ने र खास विशेषताहरूमा प्रदेशहरूलाई आर्थिक रूपले अगाडि बढाउने। त्यो चाहिँ विनियोजन विधेयकमै प्रस्ताव गरेको बजेट वक्तव्यमा आएका छलफल पनि गरिसकेका विषय हुन् र माननीयज्यूहरूले सैद्धान्तिक रूपले उठाउनु भएका कुराहरू मुख्यगरी स्पीरिट भनेको संघ, प्रदेश, स्थानीय तहले norms मा भएर काम गर्नु पर्छ ।

आयोजनाहरू चाहिँ मन्त्री, कोही प्रधानमन्त्री या नेताको प्रभाव भन्दा पनि एउटा न्यूनतम आवश्यकताको आधारमा समानुपातिक खालको होस् भन्ने कुरा सैद्धान्तिक रूपले म सहमत छु। यसलाई आगामी दिनमा अझ हामी पारदर्शी बनाउने समानुपातिक, समन्यायिक कसरी बनाउने भन्ने खालको ध्यान जाने नै छ ।कतिपय प्रदेशमा अर्थमन्त्री पश्चिमतिरको पूर्वतिर गयो भन्ने त्यति सत्यता छ जस्तो लाग्दैन मलाई एउटा कतिपय जिल्लमा जस्तै १५/२० जना माननीयज्यूहरू हुनुहुन्छ। २/४, २/४ वटा दिँदा पनि ५०/६० पुग्दो रहेछ । हामी कतिपय १ निर्वाचन क्षेत्र भएको जिल्लामा १ जना मात्र छौं। सबै राख्दा ५ हुँदो रहेछ। २ भए १० पुग्दो रहेछ यो पनि छ। केही साना मझौला खालका आयोजनाहरू हेर्दा माननीयज्यूहरूको संख्याले पनि अलिअलि फरक पारेको छ। जस्तै अलि धेरै जनसंख्या धेरै निर्वाचन क्षेत्र धेरै प्रतिनिधिसभा समानुपातिक राष्ट्रिय सभामा केही जिल्लाहरूमा स्वाभाविक रूपमा भएका क्षेत्रहरूको यसो आयोजनाको संख्या हेर्दा त्यस्तो जस्तो देखिन्छ। त्यो चाहिँ कुनै अन्यथा हो भन्दा पनि जनप्रतिनिधिहरूको संख्याले अलि अलि फरक पार्ने कुरालाई म यहाँ राख्न चाहन्छु।

अधिकतम भौगोलिक समानता कायम गर्ने कोसिस गरेका छौं ।कर्णालीको चाहिँ प्रतिनिधि पनि सभामा उठ्यो कर्णालीको अलि धेरै नै परेको छ। कसरी हो कर्णालीलाई मन्त्रालयगत हेऱ्यो भने आयोजनाहरू धेरै छ। संख्या हेर्दा पनि धेरै नै देखिन्छ कति आयोजनाहरूमा त्यसो यो प्रदेशमा धेरै असन्तुलन जस्तो लाग्दैन सैद्धान्तिक कुराहरू राख्दै बाँकी विनियोजन र मन्त्रालयगत छलफल हुनेछ भन्ने विश्वासका साथ बिदा हुन्छु । धन्यवाद ।

(१६:०४ बजे)<u>सम्माननीय अध्यक्षः</u> माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट "सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू अब प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१" माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१" का सम्बन्धमा खर्च कटौतीको प्रस्तावको सूचना दिन चाहनुहुने माननीय सदस्यहरुले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३६ बमोजिम राष्ट्रिय सभाको विधेयक शाखामा सूचना दिन सक्नु हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१" का विभिन्न शीर्षकहरूमाथि छलफलका लागि २०८१ असार १७, १८ र १९ गतेका दिनहरू र सम्बन्धित मन्त्रीबाट जवाफ दिनका लागि मिति २०८१ असार २० र २१ गतेका दिनहरू निर्धारण गरेको छु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले छलफल हुने दिन भन्दा एक दिन अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा दलीय आधारमा नाम उपलब्ध गराउनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार १७ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार १७ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १६:०५ बजे।